# मालारानी राजपत्र

मालारानी गाउँपालिका, अर्घाखाँचीद्वारा प्रकाशित

खण्ड-८, मालारानी गाउँपालिका, मितिः २०८१/०३/३१ संख्या : १


भाग १

## मालारानी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

खनदह, अर्घाखाँची

# मालारानी गाउँपालिकाको आर्थिक ऐन २०८१

गाउँसभाबाट प्रमाणिकरण २०८१/०३/२६

## मालारानी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन ।

**प्रस्तावनाः** मालारानी गाउँपालिकाको आर्थिक वर्ष २०८१/८२ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलन को प्रशासनिक व्यवस्था गर्न

वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २०८ को उपधारा (२) तथा नेपालको संविधानको अनुसूची ८ र ९ का विभिन्न अधिकारहरु बमोजिम मालारानी गाउँपालिकाको गाउँसभामा यो ऐन पेश गरेको छ ।

## परिच्छेद- १

## संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नामः **"मालारानी गाउँपालिकाको आर्थिक ऐन, २०८१"** रहेको छ ।

(२) प्रारम्भः यो ऐन २०८१ साल श्रावण १ गतेदेखि मालारानी गाउँपालिका क्षेत्रमा लागूहुनेछ ।

## परिच्छेद २

**करका क्षेत्रहरु र दरः**

**क. घरकरः** गाउँपालिका क्षेत्रभित्र अनुसूची-१ बमोजिमको घर जग्गा कर लगाइने र असूल उपर गरिने छ।

**ख. भूमिकर (मालपोत):** गाउँपालिका क्षेत्र भित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूची-२ बमोजिम भूमिकर (मालपोत) लगाइने र असूल उपर गरिने छ । (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमिकर लाग्ने छैन)

**ग. घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, टावर,जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिने छ।

**घ. व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूची-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिने छ ।

**ङ. जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु

वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत अनुसूची-छ बमोजिमको कर लगाइने र असूल उपर गरिने छ ।

च. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूची-६ बमोजिम सवारी साधन कर लगाइनेछ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

छ. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची-७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिने छ। यसरी कर संकलन गर्दा अन्तर सरकारी व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्यकोष मा राजश्व बाँडफाँड गर्नुपर्नेछ ।

ज. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूची-८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिने छ । यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको मनोरन्जन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

झ. **वहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेका हाटबजार, पसल वा सरकारी जग्गामा अनुसूची-९ मा उल्लेख भए अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ।

ञ. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूची-१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिने छ ।

ट. **ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लाय र र्‍याफ्टिङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिङ्ग, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूची-११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिने

छ ।

**ठ. सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूची-१२ मा उल्लेखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूची मा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिने छ ।

**ड. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन, तर दलितहरुका परम्परागत व्यवसाय र महिलाको नाममा संचालित व्यवसायमा दर्ता र नविकरण शुल्क छुट दिइनेछ ।

**ढ. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

आर्थिक वर्ष ०८१।०८२ को लागि मालारानी गाउँपालिकाको लागि करका दर देहाय बमोजिम रहनेछ ।

## अनुसुची-१
## घर कर
### मालारानी क्षेत्र भित्र रहेका घरको वर्ग विभाजन ("क" वर्ग "ख" वर्ग "ग" वर्ग) मालारानी गाउँपालिका वडा नं. १ देखी वडा नं. ०९ सम्म

| वर्ग | विभाजित क्षेत्र |
|---|---|
| क | लुटिपोखरी बजार, खन देउराली, जवाह, खनदह बजार, डाडाकटरी बजार, चौरी छेडा ठाटी, टारी, आरुखोर, भण्डार, टिमुरे, रतनमारे बजार, सिमे देउराली बजार, सौतामारे बजार । |
| ख | कच्ची मोटर बाटोले सटेका गाउँपालिका भित्रका सबै क्षेत्र चालिस मिटर सम्म |
| ग | गाउँपालिका क्षेत्र भित्रका "क" र "ख" वर्गमा नपरेका सबै क्षेत्र |

**घरकरः**

| क्र.सं. | विवरण | “क“ वर्ग (रु. मा) | “ख“ वर्ग (रु. मा) | “ग“ वर्ग (रु. मा) |
|---|---|---|---|---|
| १ | फुस घर | ३० | २५ | २० |
| २ | टिन टायल खपडा घर | ५० | ४० | ३५ |
| ३ | माटो पटान घर | ५० | ४० | ३५ |
| ४ | पक्की घर प्रति तला | १०० | ७५ | ६० |

*जरिवाना सम्बन्धी व्यवस्थाः चालु आ.व. भित्र घरकर नतिरेमा पहिलो वर्षको लागी २० प्रतिशत, दोस्रो वर्षको लागी २५ प्रतिशत र तेस्रो वर्षबाट ३० प्रतिशत थप जरिवाना लाग्ने छ ।*

## अनुसुची-२
## भूमि कर (मालपोत)

| क्र.सं. | विवरण | दर (रु. मा) |
|---|---|---|
| १ | न्युनतम ५ रोपनी सम्मको | १५ |
| २ | पाँच रोपनी भन्दा माथि प्रति रोपनी | २.२५ |

***जरिवाना सम्बन्धी व्यवस्था :*** *चालु आ.व. भित्र मालपोत नतिरेमा पहिलो वर्षको लागी २० प्रतिशत, दोस्रो वर्षको लागी २५ प्रतिशत र तेस्रो वर्षबाट ३० प्रतिशत थप जरिवाना लाग्ने छ ।*

## अनुसुची-३
## वहाल कर

➢ गाउँपालिका क्षेत्रभित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड कारखाना जग्गा आदि वहालमा दिएकोमा भाडा रकमको १० (दस) प्रतिशत वहाल कर लिइने छ ।

# अनुसूची-४
## व्यवसाय कर

| क्र. सं. | व्यवसायको नाम | पूँजी, वार्षिक कारोवार रकमको आधारमा (रु.) | | |
|---|---|---|---|---|
| | | ३ देखि ५ लाख सम्म | १ देखि ३ लाख सम्म | १ लाख सम्म |
| १. | मदिरा पसल | १५०० | १००० | ५०० |
| २. | सुर्तीजन्य-धुम्रपान पसल | १००० | ५०० | ३०० |
| ३. | हल्का पेय पदार्थ (कोक, फेन्टा जस्ता पदार्थ) पसल | १००० | ५०० | ३०० |
| ४. | सुनचाँदी पसल | १००० | ५०० | ३०० |
| ५. | औषधी व्यवसाय | १००० | ५०० | ३०० |
| ६. | एग्रोभेट पसल | १००० | ५०० | ३०० |
| ७. | स्टेशनरी तथा पुस्तक पसल | ८०० | ५०० | ३०० |
| ८. | कस्मेटिक पसल | ८०० | ५०० | ३०० |
| ९. | मोटर पार्ट तथा बोडी विल्डर्स सामान | ८०० | ५०० | ३०० |
| १०. | लुव्रिकेसन सेक्सन तर्फ | ८०० | ८०० | ८०० |
| ११. | प्लाई तथा ग्लास हाउस | ८०० | ८०० | ८०० |
| १२. | कपडा तथा फेन्सी पसल | ८०० | ५०० | ३०० |
| १३. | धागो टांक फस्नर पसल | ८०० | ५०० | ३०० |
| १४. | इलेक्ट्रोनिक सामग्री पसल | ८०० | ५०० | ३०० |
| १५. | इलेक्ट्रिक सामग्री बिक्री पसल | ८०० | ५०० | ३०० |
| १६. | हार्डवेयर सामग्री बिक्री पसल | ८०० | ५०० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| १७. | पेट्रोलियन पदार्थ बिक्री | ८०० | ५०० | ३०० |
| १८. | स्टील आल्मुनियम पसल | ८०० | ५०० | ३०० |
| १९. | फर्निशर्स पसल | १००० | ^०० | ३०० |
| २०. | किराना पसल | ८०० | ५०० | ३०० |
| २१. | उत्पादन मुलक उद्योग | ८०० | ५०० | ३०० |
| २२. | कृषि तथा पशुपंक्षी फर्म | ७०० | ५०० | ३०० |
| २३. | खानी जन्य उद्योग | १५०० | १००० | ५०० |
| २४. | पर्यटन उद्योग | ८०० | ५०० | ३०० |
| २५. | सेवा उद्योग | ८०० | ५०० | ३०० |
| २६. | संञ्चार सेवा | १५०० | १००० | ५०० |
| २७. | स्वास्थ्य सेवा तर्फका संघ संस्था | ८०० | ५०० | ३०० |
| २८. | मर्मत तथा संम्भार सेवा तर्फका संघ संस्था | ८०० | ५०० | ३०० |
| २९. | अन्य सेवा तर्फका संघ संस्था | ८०० | ५०० | ३०० |
| ३०. | सवारी साधन मर्मत | ८०० | ५०० | ३०० |
| ३१. | काठ फर्निचर तथा ग्रिल उद्योग | १००० | ७०० | ५०० |
| ३२. | होटल लज एण्ड रेष्टुरेन्ट | ८०० | ५०० | ३०० |
| ३३. | माछा, मासु बिक्री पसल | ८०० | ५०० | ३०० |
| ३४. | फलफुल तथा तरकारी पसल | ८०० | ५०० | ३०० |
| ३५. | कुटानी, पेलानी मिल | ८०० | ५०० | ३०० |
| ३६. | हेयर कटिङ्ग सैलुन | ८०० | ५०० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| ३७. | फोटोकपी कम्प्युटर फ्याक्स साईवर | ८०० | ५०० | ३०० |
| ३८. | दुध खरिद बिक्रि केन्द्र | ५०० | ३०० | २०० |
| ३९. | जुत्ता चप्पल पसल | ८०० | ५०० | ३०० |
| ४०. | सिलाई पसल | ८०० | ५०० | ३०० |
| ४१. | बेकरी, दालमोट, बिस्कुट, चाउमिन, अगरबत्ति र मैनबत्ती उद्योग | १००० | ७०० | ५०० |
| ४२. | घुम्ती व्यापारी | प्रति दिन १०० | प्रति महिना ३००० | बार्षिक ३६००० |
| ४३. | मेला पर्वमा राखिएको अस्थायी पसल | प्रति दिन १०० | | |
| ४४. | कृषक समुह | ७०० | ५०० | ३०० |
| ४५. | एफ.एम. रेडियो | ४००० | ३००० | २००० |
| ४६. | भाँडा पसल | १००० | ७०० | ५०० |
| ४७. | मिठाई पसल | ८०० | ५०० | ३०० |
| ४८. | फोटो स्टुडियो सेवा | १००० | ७०० | ५०० |
| ४९. | होम डेलिभरी रिटेलिङ्ग गाडी | १०० | २००० | २०००० |
| ५०. | वर्गिकरण नपरेकाको हकमा | ८०० | ५०० | ३०० |

| **क्र.सं.** | **व्यवसायको नाम** | **व्यवसाय कर वापतको रकम (रु. मा)** |
|---|---|---|
| १. | निर्माण व्यवसाय | ५००० |
| २. | इन्टरनेट सेवा प्रदायक | २००० |
| ३. | व्यवसायिक केबुल | २००० |
| ४. | वाणिज्य बैक मुख्य कार्यालय | ३००० |

| | | |
|---|---|---|
| ५. | वाणिज्य बैंक शाखा | २५०० |
| ६. | विकास बैंक मुख्य कार्यालय | २००० |
| ७. | विकास बैंक शाखा कार्यालय | १५०० |
| ८. | लघुवित्त वित्तीय संस्था मुख्य कार्यालय | १००० |
| ९. | लघुवित्त वित्तीय संस्था शाखा | १००० |
| १०. | मनी ट्रान्सफर मुख्य कार्यालय | १५०० |
| ११. | मनी ट्रान्सफर शाखा कार्यालय | १००० |
| १२. | फाइनान्स कम्पनी मुख्य कार्यालय | १५०० |
| १३. | फाइनान्स कम्पनी शाखा | १००० |
| १४. | बिमा कम्पनी शाखा | १००० |
| १५. | सहकारी संस्था | १००० |
| १६. | मन्टेश्वरी तथा शिशु स्याहार केन्द्र र बालविकास केन्द्र | १००० |
| १७. | इन्स्टिच्यूट/तालिम तथा अनुसन्धान केन्द्र | २००० |
| १८. | पोली टेक्निकल इन्स्टिच्यूट/प्रशिक्षण केन्द्र | ३००० |
| १९. | एजुकेशन कन्सल्टेन्सी सेवा | १००० |
| २०. | कम्प्यूटर इलेक्ट्रोनिक तालिम केन्द्र | १५०० |
| २१. | सवारी चालक तालिम केन्द्र | १००० |
| २२. | भाषा शिक्षा इन्स्च्युट कोचिङ्ग सेन्टर | १५०० |
| २३. | विषयगत टयुसन सेन्टर | १५०० |
| २४. | होमस्टे संचालन वापत | १००० |
| २५. | परम्परागत व्यवसाय | ५०० |

- मालारानी गाउँपालिकाको कार्यालयमा दर्ता भएका रु. ५ लाख भन्दा कम लगानी भएका व्यवसायहरु कारोबार बन्दको लागि निवेदन प्राप्त भएमा

सम्बन्धित व्यवसायको कर तथा नविकरण वापतको शुल्क लिई कारोबार बन्दको अनुमति दिइनेछ । यसैगरी व्यवसायको कारोबार रु. ५ लाख भन्दा कम पूंजीको कारोबार थपघट गर्नु परेमा बढी रकम तोकीएको व्यवसायलाई आधार मानी थपघटको अनुमति दिइनेछ ।

- व्यवसाय दर्ता भएको एक आर्थिक वर्ष समाप्त भएपछि अर्को आर्थिक वर्षको असोज मसान्त भित्र नविकरण वापतको कर नबुझाएमा कार्यालयले प्रत्येक आर्थिक वर्षको लागि लाग्ने कर रकमको वार्षिक ५० प्रतिशतका दरले जरिवाना लगाई कर तथा जरिवाना रकम असुल उपर गरिनेछ ।
- रु.पाँच लाखसम्म पूंजी भएका कुनै पनि निकायमा दर्ता नभएका तर PAN नं. लिएर मालारानी गाउँपालिकाभित्र व्यवसाय संचालन गरेका व्यवसायीहरुलाई करको दायरामा ल्याई आ.व.२०८१/०८२ मा गाउँपालिकामा दर्ता गर्नको लागी आ.व. २०७४/०७५ भन्दा अगाडी देखी संचालनमा रहेका व्यवसायको हकमा आ.व. २०७४/०७५ देखिको जरिवाना र आ.व. २०७४/०७५ भन्दा पछि संचालनमा रहेका व्यवसायको हकमा PAN दर्ता भए देखिको आर्थिक वर्षदेखी हालसम्मको व्यवसाय कर, दर्ता दस्तुर र जरिवाना समेत लिई गाउँपालिकामा दर्ता गरिनेछ ।
- दलितहरुका परम्परागत व्यवसाय र महिलाहरुले सञ्चालन गर्ने व्यवसायमा नविकरण वापतको दस्तुरमा २५ प्रतिशत छुट हुनेछ ।

## अनुसूची - ५
## जडिबुटी, कवाडी र जीवजन्तु कर

| क्र.स. | सेवाको किसिम | दर (रु. ) मा |
|---|---|---|
| १ | कवाडी संकलन निकासी टेण्डर न्युनतम (वार्षिक) | १००००० |

**गाउँपालिका क्षेत्रभित्र संकलन भई बिक्री हुने कवाडी माल वस्तुको निकासी करः**

| क्र.सं. | बिवरण | इकाई | दर |
|---|---|---|---|
| १. | बियर बोतल | प्रतिगोटा | १ रुपैया |
| २. | खाली सि.सि. ५०० एम.एल भन्दा माथी (मदिरा र अन्य) | प्रतिगोटा | ५० पैसा |

| | | | |
|---|---|---|---|
| ३. | खाली सि.सि. ५०० एम.एल भन्दा तल (मदिरा र अन्य) | प्रतिगोटा | २५ पैसा |
| ४. | प्लाष्टिक बोत्तल, भाडाकुडा, पुराना जुत्ता, चप्पल ग्यालेन जर्किन आदि । | प्रति के.जी. | प्रति के.जि. १ रुपैया |
| ५. | खालि पलाष्टिक बोरा ५० के.जि. भन्दा माथी अटाउने । | प्रतिगोटा | २५ पैसा |
| ६. | खालि जुटको बोरा ५० के.जि. भन्दा माथी अटाउने । | प्रतिगोटा | २५ पैसा |
| ७. | खालि जुटको बोरा १०० के.जि. भन्दा माथी अटाउने । | प्रतिगोटा | ५० पैसा |
| ८. | तेलको टिना (१० लि भन्दा बढि अट्ने) | प्रतिगोटा | २ रुपैया |
| ९. | तेलको टिना (१० लि भन्दा घटि अट्ने ) | प्रतिगोटा | १ रुपैया |
| १०. | उन गार्मेन्ट टुक्रा | प्रति के.जी | २ रुपैया |
| ११. | जलेको मोबिल | प्रति लि | १ रुपैया |
| १२. | टायर ट्युब | प्रति के.जी | २ रुपैया |
| १३. | थोत्रो टिना | प्रति के.जी | ५० पैसा |
| १४. | पुरानो ड्रम | प्रति के.जी | ५० पैसा |
| १५. | पुरानो कागज (अखवार कार्टुन तथा अन्य) | प्रति के.जी | १ रुपैया |
| १६. | फलामको टुक्रा | प्रति के.जी | २ रुपैया |
| १७. | अन्य धातु (पित्तल तामा आदि ) | प्रति के.जी | ४ रुपैया |
| १८. | थोत्रिएको काम नलाग्ने मेसिनरी औजार | प्रति के.जि | २ रुपैया |

**गाउँपालिका क्षेत्र भित्र संकलन भई बिक्री हुने जडिबुटी तथा जीवजन्तु सामग्रीको निकासी कर :**

| क्र.स | बिबरण | दर (रु. मा) |
|---|---|---|
| १. | जडीबुटी | प्रतिकेजी मुल्यको ५ प्रतिशत |
| २. | बास प्रतिगोटा | रु. १ |
| ३. | पशुपन्छीका प्वाख प्रतिकेजी | रु. २ |
| ४ | मृत जीवजन्तुको हाड तथा छाला प्रतिकेजी | रु. ३ |

## अनुसूची - ६
## सवारी कर

| क्र.स | सवारी साधन | दर (रु. मा) |
|---|---|---|
| १ | ठेलागाडा, रिक्सा, अटो को वार्षिक | ५०० |

## अनुसूची - ७
## विज्ञापन कर

| क्र.सं | | दर रु. मा |
|---|---|---|
| १ | ग्लो साइनबोर्ड, डिपिएस बोर्ड प्रति व.फि | लुम्विनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |
| २ | वाल पेन्ट विज्ञापन प्रति व.फिट | लुम्विनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |
| ३ | व्यानर बढीमा एक महिना सम्मको लागि प्रतिगोटा | लुम्विनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |

## अनुसूची - ८
## मनोरञ्जन कर :

क) सिनेमा हल, भिडियो हल, साँस्कृतिक प्रदर्शनी हल, थ्रिएटर, संगीत, मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा लुम्विनी प्रदेश आर्थिक ऐन,२०८१ अनुसारका दरले मनोरञ्जन कर लगाउने ।

**ख) जादु, सर्कश, चटक आदिमा**

| | |
|---|---|
| प्रतिदिन | लुम्विनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |
| मासिक | लुम्विनी प्रदेश आर्थिक ऐन, २०८१ अनुसार |

## अनुसूची - ९
## बहाल बिटौरी शुल्क

| क्र.सं. | विवरण | दर (रु. मा) |
|---|---|---|
| १. | हल भाडा | १००० |
| २. | कुर्सी भाडा (प्रतिदिन प्रतिगोटा) | ५ |
| ३. | प्रोजेक्टर भाडा (प्रतिदिन) | ५०० |

- गाउँपालिका क्षेत्रमा आफूले निर्माण रेखदेख गरेको हाटबजार र स्थल, ऐलानी जग्गा वा सार्वजनिक बाटोको छेउमा अस्थायी पसल थाप्न दिए वापत प्रति वर्गफिट रु.५ को दरले मासिक वहाल विटौरी लिने।
- गाउँपालिकाको सभाहल प्रयोग गरेवापत सार्वजनिक निकाय, सामुदायिक विद्यालयले कार्यक्रम गर्दा उक्त रकम लिइने छैन ।

## अनुसूची -१०
## पार्किङ्ग शुल्क

| क्र.सं. | सवारी साधन | दर (रु. मा) प्रतिदिन |
|---|---|---|
| १. | बस, ट्रक लगायत ठूला सवारी सधान | २५ |
| २ | माइक्रो/कार/जीप (भाडाका) | १५ |
| ३. | निजि सवारी साधन | १० |

## अनुसूची - ११
## ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायर च्यापिटङ्ग शुल्क

| क्र.सं. | सेवाको किसिम | दर (रु. मा) |
|---|---|---|
| १ | ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जीजम्पिङ्ग, जिपफ्लायररच्यापिटङ्ग | ५०० |

# अनुसूची - १२
## सेवा शुल्क, दस्तुर

### १. गाउँपालिकाको साधन प्रयोग वापत शुल्क

| क्र.स. | साधन | समय | दर (रु. मा) |
|---|---|---|---|
| १. | ब्याक हो लोडर | प्रति घण्टा | २५०० |
| २. | गाउँपालिकाबाट भुक्तानी हुने योजनामा प्रयोग हुँदा | प्राविधिक मूल्याङ्कन अनुसार | |
| ३. | ट्र्याक्टर | प्रति घण्टा | ८०० |
| ४. | उखु पेल्ने मेसीन | प्रति दिन | ५०० |

### २. सूचीकृत दस्तुर

| क्र.सं. | सेवाको किसिम | दर (रु. मा) |
|---|---|---|
| १. | “घ” वर्ग निर्माण व्यवसायी सूचीकृत | ५००० |
| २. | परामर्शदाता सूचीकृत | २००० |
| ३. | पसल/फर्म सुचीकृत | ५०० |
| ४. | चिकित्सक | २००० |
| ५. | डाक्टर, वकिल, लेखापरीक्षक, परामर्शदाता, सर्भेयर, इन्जिनियरीङ्ग सेवा आदिसुचिकृत | १५०० |
| ६. | विमा एजेन्ट | १००० |
| ७. | ढुवानी कम्पनी तथा ट्रान्सपोर्ट व्यवसाय | १००० |
| ८. | हेवि इक्युपमेन्ट सुचिकृत | १०००० |

नोटः गाउँपालिका क्षेत्रभित्र सूचीकृत नगरी हेभी इक्युपमेण्ट सञ्चालन गरेको पाइएमा रु. २५००० जरिवाना गरिने छ ।

## ३. सेवा शुल्क तथा दस्तुर

| क.सं. | सेवाको किसिम | दर (रु.) मा | कैफियत |
|---|---|---|---|
| | **दर्ता तथा नविकरण शुल्क** | | |
| १ | व्यवसाय दर्ता शुल्क | ३०० | |
| २ | व्यवसाय नवीकरण शुल्क | २०० | |
| ३ | खानेपानी उपभोक्ता समिति दर्ता | १००० | |
| ४ | खानेपानी उपभोक्ता समिति नविकरण | ५०० | |
| ५ | सिचाई संस्था दर्ता | २००० | |
| ६ | सिचाई संस्था नवीकरण | १००० | |
| ७ | मत्स्यपालन संस्था दर्ता | १००० | |
| ८ | युवा क्लव, | ५०० | |
| ९ | विभिन्न समुह दर्ता | २०० | |
| १० | टोल विकास संस्था दर्ता शुल्क/ नविकरण | २०० | |
| ११ | बाल क्लव दर्ता | २०० | |
| १२ | घ वर्ग निर्माण व्यवसायी दर्ता | ३०००० | |
| १३ | घ वर्ग निर्माण व्यवसायी नविकरण | १०००० | |
| | **शिक्षा तर्फ सेवा शुल्क** | | |
| १४ | विद्यालयको स्थापना सामुदायिक तर्फ | ३००० | |
| १५ | विद्यालयको स्थापना संस्थागत तर्फ | ५००० | |
| १६ | कक्षा थपको अनुमति सामुदायिकको आधारभूत तर्फ | १५०० | |
| १७ | कक्षा थपको अनुमति सस्थागतको आधारभूत तर्फ | २५०० | |
| १८ | कक्षा आठको ग्रेडसिट संशोधन शुल्क | १५० | |

| | | | |
|---|---|---|---|
| १९ | करार शिक्षकको नियुक्ति समर्थन शुल्क आधारभूत तर्फ | १५०० | |
| २० | करार शिक्षकको नियुक्ति समर्थन शुल्क माध्यामिक तर्फ | २००० | |
| २१ | बाल विकास सहजकर्ता,विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी कर्मचारीको नियुक्ति समर्थन शुल्क | ७५० | |
| **दरखास्त दस्तुर** | | | |
| २२ | अधिकृत स्तर | १२०० | |
| २३ | पाँचौ तह नायब सुब्बा स्तर | ८०० | |
| २४ | चौथो तह खरिदार स्तर | ५०० | |
| २५ | श्रेणी बिहीन कार्यालय सहयोगी | ३०० | |
| **दरखास्त दस्तुर सामुदायिक विद्यालय तर्फ** | | | |
| २६ | माध्यमिक | १००० | |
| २७ | निम्न माध्यमिक | ७०० | |
| २८ | प्राथमिक | ५०० | |
| २९ | विद्यालय सहायक कर्मचारी | ४०० | |
| ३० | बालविकास सहजकर्ता र विद्यालय सहयोगी | ३०० | |
| **अन्य शुल्क** | | | |
| ३१ | रकम कलम उठाई दिएवापत | उठेको रकमको २.५ प्रतिशत | |
| ३२ | सर्जमिन तथा मुचुल्का वापत | ५०० | |
| ३३ | मिलापत्र शुल्क दुवै पक्षसगँ आधा आधा | ५००/५०० | |
| ३४ | अनुभव प्रमाणपत्र (कर्मचारी) | निःशुल्क | |
| ३५ | अनुभव प्रमाणपत्र (अन्य) | ५०० | |

| | | | |
|---|---|---|---|
| ३६ | स्थलगत प्राविधिक सेवा शुल्क (व्यक्तिगत प्रयोजनमा) | ५०० | |
| ३७ | उद्योग सर्जमिन शुल्क | | |
| | क. घरेलु उद्योग सर्जमिन | ५०० | |
| | ख. मझौला उद्योग सर्जमिन | १००० | |
| | ग. ठुलो उद्योग सर्जमिन | १५०० | |
| ३८ | पक्की घर मूल्याङ्कन (प्रति कोठा रु. २ लाख) | ०.२% (मूल्याङ्कन रकमको) | |
| ३९ | अचल सम्पत्ति मूल्याङ्कन | ०.१ % (मूल्याङ्कन रकमको) | |
| ४० | आय प्रमाणित (सम्पन्नताको) | | |
| ४१ | आय प्रमाणित (विपन्नको) | निःशुल्क | |
| ४२ | व्यवसाय प्रमाण-पत्र प्रतिलिपी दस्तुर | पहिलो पटक १००, दोस्रो पटक २०० | |
| ४३ | अपाङ्ग परिचयपत्र प्रतिलिपि शुल्क | १०० | |

**द्रष्टव्य :**

- मिलापत्र शुल्क सम्बन्धी शिर्षकमा दुबै पक्षबाट आधा आधा लिने व्यवस्थामा कुनै व्यक्ति आर्थिक अवस्था कमजोर भएको कारण न्याय पाउनबाट वञ्चित हुन नपरोस भन्ने उद्देश्य अनुरुप आर्थिक रुपले विपन्न भनी गाउँपालिका उपाध्यक्षले सिफारिस गरेमा निशुःल्क मिलापत्र गराईनेछ ।
- यसमा उल्लेख नभएका विषयहरुको निर्णय गर्ने अधिकार गाउँकार्यपालिकालाई हुनेछ ।

**४. विभिन्न प्रमाणित तथा सिफारिस दस्तुर**

| क्र.सं | सेवाको किसिम | रकम (रु. मा) |
|---|---|---|
| १. | साँध सिमाना प्रमाणित | ३०० |
| २. | नागरिकता प्रमाणपत्रको सिफारिस (अनुसूची र फाराम बाहेक) | |
| | क) वंशजको सिफारिस | २०० |
| | ख) अङ्गीकृतको सिफारिस | १०० |
| | ग) प्रतिलिपी सिफारिस | ५०० |
| ३. | जग्गा नामसारी सिफारिस | |
| | क) घर जग्गा नामसारी | ७०० |
| ४. | नाम/थर संशोधन सिफारिस | १०० |
| ५. | घर निर्माण सम्पन्न प्रमाण-पत्र पक्की | ५०० |
| ६. | घर निर्माण सम्पन्न प्रमाण-पत्र (कच्ची घर टहरा आदी) | १०० |
| ७. | घर कायम (पक्की घर ) | ५०० |
| ८. | घर कायम (कच्ची घर ) | १०० |
| ९. | घर नक्सा नामसारी (पक्की एकाघर तीनपुस्ते भित्र ) | ५०० |
| १०. | घर नक्सा नामसारी (पक्की एकाघर नभएमा) | ७०० |
| ११. | कच्ची घर ढुंगामाटोको जोडाई जस्ताको छाना नक्सा नामसारी | २०० |
| १२. | कच्ची घर फुसको छाना भएको वा सामान्य घर वा टहरा नक्सा नामसारी | १०० |
| १३. | सबै प्रतिलिपी प्रति पानाको | १० |
| १४. | घर पाताल सिफारिस | ५०० |
| १५. | गैसस दर्ता सिफारिस | १००० |
| १६. | गैसस नविकरण सिफारिस | ५०० |

| | | |
|---|---|---|
| १७. | गैसस अनुभव सिफारिस | ३००० |
| १८. | क) व्यवसायिक ठुलो उद्योगहरु, प्रति वर्ग फिट १५ दिन सम्म | १ |
| | ख) व्यवसायिक ठुलो उद्योगहरु, प्रति वर्ग फिट २ महिना सम्म | २ |
| | ग) व्यवसायिक ठुलो उद्योगहरु, प्रति वर्ग फिट २ महिना भन्दा बढी | ३ |
| १९. | छुट जग्गा दर्ताको सिफारिस दस्तुर | |
| | क) १० रोपनी सम्मको | १००० |
| | ख) १० रोपनी भन्दा माथि (प्रति रोपनी) | १०० |
| २०. | विद्युत जडानको सिफारिस दस्तुर घर प्रयोजन | १०० |
| २१. | निजी धारा वा टेलिफोन लाईन जडान सिफारिस दस्तुर | ५०० |
| २२. | वैदेशिक रोजगारको लागि सिफारिस | ३०० |
| २३. | विवाह दर्ता सिफारिस विदेशीसँग | २०० |
| २४. | नाता प्रमाणित दस्तुर (मृतक/जिवित) | ३०० |
| २५. | बसोवास प्रमाणित वैदेशिक प्रयोजन | ५०० |
| २६. | बसोवास प्रमाणित स्वदेशी प्रयोजन | ५०० |
| २७. | अस्थायी बसोवासको सिफारिस | १०० |
| २८. | विद्युत जडान सिफारिस ३ फेज व्यवसायिक | ३०० |
| २९. | विद्युत जडान सिफारिस ट्रान्सफर्मर सहित | ३०० |
| ३०. | विद्युत जडान सिफारिस व्यवसाय ३२ एम्पीयर सम्म | २००० |
| ३१. | विद्युत जडान सिफारिस ३ फेज व्यावसयीक | १००० |
| ३२. | विद्युत जडान सिफारिस ट्रान्सफर्मर सहित | १००० |
| ३३. | सहकारी संस्था नविकरण सिफारिस | १०० |

| | | |
|---|---|---|
| ३४. | आमा समुह, टोल सुधार दर्ता नविकरण सिफारिस | १०० |
| ३५. | विद्यालय संन्चालनको सिफारिस | |
| | क) मा.वि | ३०० |
| | ख) आ.वि | १०० |
| ३६. | ठूला उद्योग स्थापनाको सिफारिस | १०००० |
| ३७. | मझौला उद्योग स्थापनाको सिफारिस | ५००० |
| ३८. | साना तथा घरेलु उद्योगको सिफारिस | ३५० |
| ३९. | नेपाली पेन्सनपट्टा सम्बन्धी सिफारिस | ५०० |
| ४०. | भारतीय पेन्सनपट्टा सम्बन्धी सिफारिस | १००० |
| ४१. | अन्य मुलुकको पेन्सनपट्टा सम्बन्धी सिफारिस | ३००० |
| ४२. | अपुताली सिफारिस नेपालको लागी | १००० |
| ४३. | अपुताली सिफारिस विदेशीको लागी | ३००० |
| ४४. | व्यक्तिगत घटनादर्ता (जन्म, मुत्यु, विवाह र सम्बन्ध विच्छेद ३५ दिन सम्म) | निःशुल्क |
| ४५. | व्यक्तिगत घटनादर्ता (जन्म, मुत्यु, विवाह र सम्बन्ध विच्छेद३५ दिन पछि विलम्ब शुल्क) | २०० |
| ४६. | व्यक्तिगत घटनादर्ता प्रतिलिपी शुल्क | ५०० |
| ४७. | बसाइसराई गरीजानेको हकमा | ५०० |
| ४८. | अङ्गेजी सिफारिस | ५०० |
| ४९. | अङ्गेजीमा नाता कायम | ५०० |
| ५०. | कर चुक्त्ता सिफारिस (गाउँपालिकालाई गरेको) | १०० |
| ५१. | चारित्रिक सिफारिस नेपाली /अङ्गेजी | ३००/५०० |
| ५२. | फोटो टास सिफारिस | १०० |
| ५३. | किराना, कपडा, फेन्सी तथा अन्य पसल दर्ता सिफारिस | ५०० |

| | | |
|---|---|---|
| ५४. | मदिरा पसल दर्ता सिफारिस | १००० |
| ५५. | होटल दर्ता सिफारिस | १००० |
| ५६. | विपद जन्य घटनासँग सम्बन्धित सिफारिस र स्वास्थ्य उपचारसँग सम्बन्धित सिफारिस | निःशुल्क |
| ५७. | तमसुक सिफारिस प्रमाणित | २०० |
| ५८. | फर्म खारेज सिफारिस | ५०० |
| ५९. | नाबालक परिचय पत्र सिफारिस | १०० |
| ६०. | घरबाटो सिफारिस | २०० |
| ६१. | उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफारिस | २०० |
| ६२. | भ्याट नं. दर्ताको लागि सिफारिस | ५०० |
| ६३. | प्यान नं. दर्ताको लागि सिफारिस | २०० |

**५. प्राकृतिक स्रोत साधन उपयोग सिफारिस**

| **क्र.सं.** | **काठको प्रजाति** | **दर (रु. प्रति क्यू. फिट)** |
|---|---|---|
| १. | साल | ५ |
| २. | ओखर, चाँप | ५ |
| ३. | जामुन, टुनी, सिरिस | ४ |
| ४. | खोटे सल्लो | ३.५ |
| ५. | सिमल | ३.५ |
| ६. | हर्रो, चिलाउने, सौर | ३.५ |
| ७. | उत्तिस, कटुस, आँप | ३.५ |
| ८. | अन्य ( माथि उल्लेख भएदेखि बाहेक ) | ३.५ |
| ९. | बाँस ढुवानी | |
| | प्रति ट्र्याक्टर | ५५० |

| | | |
|---|---|---|
| | प्रति मिनी ट्रक | १००० |
| | प्रति ठूलो ट्रक | १२५० |

## ६. पटके सवारी कर (शुल्क)

| क्र.सं | सवारी साधन | दर रु. मा |
|---|---|---|
| १ | बस,ट्रक लगायत ठूला सवारी साधन | ५० |
| २ | हेवि इक्युपमेन्ट | ५०० |
| ३ | माइक्रो/कार/जीप (भाडाका) | ३० |
| ४ | निजी सवारी साधन | २० |

## ७. चार किल्ला प्रमाणित

| क्र.सं. | विवरण | दर (रु. मा) |
|---|---|---|
| १ | चार किल्ला प्रमाणित | ३०० |

## ८. घर नक्सा पास दस्तुर विवरण

| क्र.सं. | विवरण | दर (रु. मा) |
|---|---|---|
| १ | घर नक्सा निवेदन पुस्तिका दस्तुर | ३५० |
| २ | घर नक्सा प्रतिलिपी | ३०० |
| ३ | RCC भवन निर्माण गर्दा प्रती वर्ग फुट | ३ |
| ४ | RCC Beam नभएका पक्की भवन निर्माण गर्दा प्रती वर्ग फुट | २ |
| ५ | घर निर्माण सम्पन्न प्रमाण पत्र | ५०० |

**द्रष्टव्यः**

क) यस कार्यालयमा दर्ता तथा सुचिकृत नभएका व्यक्ति तथा फर्म बाट तयार परिएका नक्सा पेस भएमा ५० प्रतिशत प्रति वर्गफुट थप दस्तुर लाग्नेछ।

ख) सि.नं ३, ४, ५ को हकमा गा.पा. बाट अनुमति नलिईवनाईएका घरहरुको हकमा गा.पा.लाई मनासिव लागेमा वा तोकिएको मापदण्ड पुरा भएको

भएमा माथी उल्लेखित दरमा थप ५० प्रतिशत जरिवाना लिई नक्सा पास गरिनेछ।

ग) यस गाउँपालिकामा घर प्रमाणित वापत नियम लागु हुनुभन्दा पहिले वनेका घर हरुको हकमा पक्की घरको हकमा भुई तल्ला को रु ५००/- र सो भन्दा माथीको तल्लाको हकमा प्रत्येक तल्ला मा थप १००/- का दरले घर प्रमाणित गरिने छ। तर त्यस्ता पुराना तथा यो नियम प्रारम्भ हुनुपुर्व बनेका घरहरुका लागी एक वर्षसम्म पनि सूचीकृत हुन नआएमा नियम परिवर्तन हुन सक्नेछ ।

घ) मनासिव कारण विना तोकिएको अवधी भित्र घर सम्पन्न नगर्नेलाई वा प्रमाण पत्र नलैजानेलाई समयको आधारमा थप दस्तुर लाग्नेछ ।

## ९. अन्य दस्तुर

| क्र.सं. | करका क्षेत्र वार्षिक | दर (रु. मा) |
|---|---|---|
| १. | ढुङ्गा, गिटी, वालुवा | ढुङ्गा गिट्टी तथा बालुवा उत्खनन् सम्बन्धी बनेको लुम्विनी प्रदेशको कानुन अनुसार । |
| २. | नेपाल संघीय सरकार, प्रादेशिक सरकार बाट संञ्चालन भएका योजना र मालारानी गाउँपालिका बाट स्वीकृत १० लाख (दश लाख) माथि संञ्चालन भएका योजना हरुमा प्रयोग भएका ग्रावेल,मिस्कट,ढुङ्गा कती परिमाणमा प्रयोग भएको छ सोको मुल्याङ्कन गाउँपलिकाको प्राविधिक शाखा र राजश्व शाखा बाट स्थलगत निरिक्षण गरि मुल्याङ्कन बापतको रकम उठाईने छ । | |
| ३. | बाख्रा ,खसी, बोका प्रति गोटा (निकासी शुल्क) | १०० |
| ४. | रागा भैसी प्रति गोटा (निकासी शुल्क) | १५० |

## १०. दण्ड जरिवाना सम्बन्धी व्यवस्था

| क्र.सं. | कसुर विवरण | पहिलो पटक | दोस्रो पटक | कैफियत |
|---|---|---|---|---|
| १ | बजार अनुगमनको क्रममा व्यवसाय दर्ता नगरेको पाईएमा। | ५०० | १००० | |
| २ | बजार अनुगमनको क्रममा अनुमती भन्दा फरक कारोबार गरेमा पाईएमा। | ५०० | १००० | |
| ३ | बजार अनुगमनको क्रममा म्याद नाघेको सामान बिक्री गरेमा । | १००० | कारोबार बन्द | |
| ४ | बजार अनुगमनको क्रममा अखाद्य सामाग्री बिक्री गरेमा । | २००० | कारोबार बन्द | |
| ५ | बजार अनुगमनको क्रममा होटल तथा अन्य व्यवसाय फोहोर देखिएमा । | सचेत | १००० | पुन दोहोरिएमा व्यवसाय बन्द |
| ६ | औषधी पसलमा म्याद नाघेको औषधी भेटिएमा । | १००० | २००० | |
| ७ | अनुमती बिना खानी संञ्चालन गरेको पाईएमा | ५००० | १०००० | |
| ८ | अनुमति बिना खोला, खानीमा व्याक हो लोडर, एक्साभेटर आदि संञ्चालन गरेमा । | १५००० | ३०००० | पुन दोहोरिएमा व्यवसाय बन्द |
| ९ | अनुमती विना नदी जन्य र खानी जन्य पदार्थ ढुवानी गरेमा । | १५००० | ३०००० | पुन दोहोरिएमा व्यवसाय बन्द |

| | | | | |
|---|---|---|---|---|
| १० | अनुमति विना खोला वा खानीमा निर्माण सामाग्री उत्खनन गर्न प्रवेश गरेमा | ५००० | १०००० | पुन दोहोरिएमा व्यवसाय बन्द |
| ११ | निकासी सहमती बिना सामुदायिक वन व्यक्तिगत जग्गाबाट काठ निकासी गरेमा । | ५००० | सवारी साधन जफत | |
| १२ | एफ.एम रेडियो तथा अनलाईन मिडियाले नियम विपरित कार्य गरेमा । | ५००० | १०००० | |
| १३ | अनुमति विना कवाड, जिवजन्तु,हाड छाला, जडिबुटी संकलन तथा निकासी गरेमा । | ५००० | १०००० | |
| १४ | खसि, बोका, बाख्रा चोरि निकासी गरेमा । | १००० | २००० | प्रति गोटा |
| १५ | कुखुराचोरि निकासी गरेमा । | ५०० | १००० | प्रति गोटा |
| १६ | रागा, भैसी, चोरि निकासी गरेमा । | १५०० | २००० | प्रति गोटा |
| १७ | व्यवसाय दर्ता गरेको आ.व पछि अर्को आ.व. असोज मसान्त सम्म नविकरण नगरेमा । | व्यवसाय नविकरण शुल्क र नविकरण शुल्कको ५० प्रतिशत रकम जरिवाना लाग्ने छ । | व्यवसाय नविकरण शुल्क र नविकरण शुल्कको ५० प्रतिशत रकम जरिवाना लाग्ने छ | |

| | | | | |
|---|---|---|---|---|
| १८ | निर्माण व्यवसायी नविकरण असोज मसान्त सम्म । | १०००० | --- | चैत मसान्त सम्म नविकरण नगरेमा स्वत खारेज हुनेछ । |

माथी उल्लेख नभएका बाहेक अन्य बस्तु तथा सामाग्री चोरी निकासी भएमा सो बस्तु तथा सामाग्री बापतको दस्तुर लाई २ गुणन गर्दा आउने रकम मा सो बस्तु तथा सामाग्रीको दस्तुर जोड्दा हुने रकम जरिवाना लाग्ने छ ।

आगामी आ.व. २०८१।०८२ को लागि अनुमानित र आ.व. ०८०/८१ को जेठ मसान्त सम्मको यथार्थ कर तथा गैरकर राजस्व रकम

| क्र.सं. | राजश्व शीर्षक | आ.व.२०८०।८१ जेठ मसान्त सम्मको यथार्थ आम्दानी | आ.व.२०८१।८२ को अनुमान (रू.) |
|---|---|---|---|
| **कर राजस्व** | | | |
| १. | सम्पत्ति कर | ० | ० |
| २. | भूमिकरमालपोत | २४०३१९ | २५०००० |
| ३. | वहाल कर | १२४५१२.९० | १४०००० |
| ४. | वहाल बिटौरी कर | ० | ५०० |
| ५. | अखेटो पहरामा लाग्ने कर जडिबुटी,कवाडी र जिवजन्तु कर | १००००० | १००००० |
| ६. | सवारी साधन कर | ५०० | १००० |
| ७. | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | ० | ० |
| ८. | व्यवसाय कर (दर्ता,नविकरण र सुचिकरण समेत) | ५००००० | ५१०००० |
| ९. | विक्री कर (ढुगां,गिट्टी बालुवा,माटो कर) | १३३९२० | १५०००० |
| १०. | अन्य सेवा शुल्क | ३५१९९० | ३८०००० |

| | | | |
|---|---|---|---|
| ११. | अन्य कर | ३००००० | ३२०००० |
| | **गैह्रकर राजस्व** | | |
| १२. | पर्यटन सेवा शुल्क रोयल्टी | ० | ० |
| १३. | न्यायीक दस्तुर | ४००० | ३००० |
| १४. | अन्य प्रशासनिक सेवा शुल्क (बोलपत्र फाराम बिक्रीको रकम,निवेदन दस्तुर) | २३६००० | २५०००० |
| १५. | पार्किङ शुल्क | ० | ० |
| १६. | नक्सापास दस्तुर | ० | ० |
| १७. | सिफारिस दस्तुर | १७३३७२६ | १८०५००० |
| १८. | व्यक्तिगत घटना दर्ता शुल्क | ४०१००० | ४५०००० |
| १९. | नाता प्रमाणित शुल्क | ९०९०० | ९५००० |
| २०. | अन्य दस्तुर | ४७६७३७.१ | ५००००० |
| २१. | परिक्षा शुल्क | ९७९०० | १००००० |
| २२. | शिक्षा क्षेत्रको आम्दानी | १४२५० | १५००० |
| २३. | सरकारी सम्पतीको बहाल बाट प्राप्त आय व्याक होलोडर | २६५१५० | ६१०००० |
| २४. | एफ एम रेडियो संचालन दस्तुर | ९२३८ | ९५०० |
| २५. | अन्य बिक्रीबाट प्राप्त रकम | २२९०२५७ | ०० |
| २६. | एम्बुलेन्स संचालनबाट प्राप्त आय | ७४६४०० | ७९५००० |
| २७. | ट्याक्टर संचालनबाट आम्दानी | १३२०० | २३००० |
| | **जम्मा** | ८१३०००० | ६५०७००० |

आज्ञाले
अशर जि. सी.
प्रमुख प्रशासकीय अधिकृत